"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.:०८१/८२ मिति : २०८१/०४/०२

च.नं.:

## सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धि सूचना

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यबिधी,२०७७ को दफा(४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभाग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा तोकिएको ढांचामा सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था भए वमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभाग्राहीहरु सम्वन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई **मिति २०८१ श्रावण १ गते देखि भाद्र मसान्त** भित्र अनिवार्य रुपमा आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ ।

नविकरणका लागि आवश्यक कागजातहरु :

| क्र.सं | लाभग्राही | आवश्यक कागजातहरु |
|---|---|---|
| १. | अन्य ज्येष्ठ नागरिक /ज्येष्ठ नागरिक दलित | १.नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी<br>२.लाभग्राही परिचयपत्र (भत्ता बुक) |
| २. | विधवा /एकल महिला | १. नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी ।<br>२. पतिको मृत्यु दर्ता प्रमाणपत्रको फोटोकपी ।<br>३. लाभग्राही परिचयपत्र ( भत्ता बुक )<br>४. विवाह नगरी बसेका, सम्वन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरि बसेका ६० वर्ष उमेर पुगेका महिलाको हकमा विवाह नगरेको भनी वडाको सिफारिस |
| ३. | पुर्ण अपाङ्गता /अति अशक्त अपाङ्गता | १.जन्मदर्ता/नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी (१६ बर्ष उमेर पुगेकाले नागरिकता अनिवार्य )<br>२. तिलोत्तमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपी ।<br>३.लाभग्राही परिचयपत्र (भत्ता बुक) |
| ४. | बालबालिका | १.जन्मदर्ता/संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी<br>२. लाभग्राही परिचयपत्र (भत्ता बुक) |

१६ बर्ष उमेर पुरा भएका पुर्ण अपाङ्ग र ९० बर्ष माथिका ज्येष्ठ नागरिक बाहेक अन्य लाभग्राहीहरुको लागि राष्ट्रिय परिचयपत्र नं सहितको Biometric Verification अनिवार्य गरिको हुँदा लाभाग्राहीले राष्ट्रिय परिचयपत्र नं अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ । साथै राष्ट्रिय परिचयपत्र नभएका लाभग्राहीहरुका लागि तिलोत्तमा नगरपालिका, कुन्जलापुर रुपन्देहीमा विवरण दर्ता शिविर संचालन भैरहेको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**नोट** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यबिधी,२०७७ को दफा ४ को उपदफा ६ बमोजिम तोकिएको म्याद भित्र नविकरण नभएमा लाभग्राहीको स्वत : लगत कट्टा हुनेछ र भत्ता प्राप्त हुनेछैन साथै लगत कट्टा भएको व्यक्तिले पुन : लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐनको दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेको व्यहोरा अनुरोध छ ।

०८१।४।२

माधव प्रसाद पोखेल
शाखा अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi